## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०६/२१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु जानकी गाउँपालिका वडा नं ९ का तत्कालिन एवं हालका समेत वडा अध्यक्ष खकेन्द्र भण्डारी समेत ८ जना मु.नं (०८२-CR-००२३) फैसला मिति २०८३।०१।३० | सामाजिक सुरक्षा भत्ता वितरणमा अनियमितता गरी भ्रष्टाचार गरेको । | **आयोगको माग दावी**<br>• **जानकी गाउँपालिका वडा नं. ९ का वडा अध्यक्ष खकेन्द्र भण्डारी र वडा सचिव प्रेमबहादुर बुढाको हकमाः-** प्रतिवादी खकेन्द्र भण्डारी र प्रेमबहादुर बुढालाई सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सरकारी सम्पत्तिको हिनामिना हानिनोक्सानी गरेको कसूरमा बिगो रू.७३,३७,६२७।–(अक्षरेपि त्रिहत्तर लाख सैतीस हजार छ सय सत्ताईस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे वमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को (ज) तथा सोही ऐनको (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को (च) वमोजिम कैद र दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम उल्लिखित बिगो असुल उपर हुन र प्रतिवादी प्रेमबहादुर बुढालाई सरकारी कागजात सच्याएको कसूरमा सोही ऐनको दफा ११ बमोजिम सजाय हुन साथै प्रतिवादी खकेन्द्र भण्डारीलाई गलत प्रतिवेदन दिएको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेतको मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>• **जानकी गाउँपालिका वडा नं. ९ का कार्यालय सहयोगी सोनम कठरियाको हकमाः** -प्रतिवादी सोनम कठरियालाई सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सरकारी सम्पत्तिको हिनामिना हानिनोक्सानी गरेको कसूरमा विगो रू.९,२०,४००।–(अक्षरेपि नौ लाख बीस हजार चार सय) कायम गरि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे वमोजिम सोही दफा ३ उपदफा (१) को (ङ) तथा | **फैसलाः**<br>प्रतिवादीहरुलाई आंशिक सफाई हुने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादी मध्येका प्रेम बहादुर बुढाको हकमा बिगो रू.७३,३७,६२७।–(अक्षरेपि त्रिहत्तर लाख सैतीस हजार छ सय सत्ताईस) कायम गरि सजायको मागदावी गरिएको देखिएतापनि उलेखित विगो मध्ये मृत्यु भएका ब्यक्तिको नामामा खुलेको खातामा रु.१३,२८९८०।– र नबिकरण नभएका लाभग्राहीको खातामा रहेको रु.१३,६३,९२६।-गरि जम्मा रु. २६,९२,९०६।– बैंक खातामा मै रहेको र उक्त रकम गाँउपालिकाले आफ्नो खातामा ल्याउन सक्ने अवस्था नै देखिदा उक्त रकम घटाउदा हुन आउने रु.४६,४४,७२१।–निज प्रतिवादी प्रेम बहादुर बुढाको हकमा विगो कायम गरि सजाय हुने।<br>• अन्य प्रतिवादीहरु खकेन्द्र भण्डारी, पूर्णबहादुर बिष्ट, सोनम कठरिया,कल्पना खड्का, सुनकोशा सार्की, विजयबहादुर रावल र शेरबहादुर विश्वकर्मा खकेन्द्र भण्डारीको हकमा हेर्दा खकेन्द्र भण्डारीले भरपाई प्रमाणित गरेको र मुचुल्कामा रोहवरमा बसेको भन्नेसम्म देखिएको, प्रतिवादी कल्पना खड्का, सुनकोसी सार्की, विजयबहादुर रावल र शेरबहादुर विश्वकर्माले मुचुल्कामा सहीछापसम्म गरेको देखिएको, प्रतिवादी पूर्णबहादुर बिष्टको हकमा निजले लिएको रकम प्रेम बहादुर बुढालाई नै बुझाएको भन्ने देखिएको र प्रतिवादी सोनम कठरियाले प्रेम बहादुर बुढाले नै लाए अह्राए बमोजिम काम गरेको भन्ने देखिएको निज प्रतिवादीहरु उपरको आरोपदाबी पुग्न नसक्ने। | • जिल्ला कैलाली, जानकी गाउँपालिका, वडा नं ९ मा कार्यरत वडा सचिब प्रेम बहादुर बुढाले सामाजिक सुरक्षा भत्ता वितरणमा अनियमितता गरेको, मृत्यु पश्चात समेत दर्जनौं व्यक्तिको नाममा सामाजिक सुरक्षा भत्ता वितरण गरेको तथा एउटै व्यक्तिको नाममा दोहोर्याएर समेत सामाजिक सुरक्षा भत्ता वितरण गरी लाखौ रूपैंया अपचलन गरेको भन्ने समेत व्यहोराको उजुरी बेहोराबाट अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा जिल्ला कैलाली जानकी गाउँपालिका वडा नं. ९ बाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा गराउदा आ.व. २०७४।०७५ देखि आ.व. २०७७/०७८ को दोश्रो चौमासिकसम्म सम्बन्धित व्यक्तिलाई भत्ता बुझाई औंठाछाप समेत लगाई भरपाई गर्ने गरेकोमा प्रतिवादीहरु जानकी गाउँपालिका वडा नं. ९ का तत्कालीन वडा सचिव प्रेम बहादुर बुढा, सोही वडाका वडा अध्यक्ष खकेन्द्र भण्डारी र सोही वडा कार्यालयका कार्यालय सहयोगी सोनम कठरिया समेतले आपसी मिलेमतो तथा योजनामा आफ्नो पद ओहदाको दुरुपयोग गरी आफूसमेतका प्रतिवादीहरुलाई गैरकानूनी लाभ र सार्वजनिक संस्था/नेपाल सरकार/जानकी गाउँपालिकालाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको मृत्यु भएको विवरण आफूसमेत कार्यरत वडा कार्यालयमा मृत्यु दर्ता पंजीकरण गरेको, मृत्यु भई दर्ता समेत गरी सकेका व्यक्तिहरुलाई प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीमा नवीकरण गरे गराई सामाजिक सुरक्षा भत्ताको लाभग्राहीको अभिलेखमा समावेश गरे गराएको, एक व्यक्तिको नागरिकता नम्बरबाट दोहोरो सामाजिक सुरक्षा भत्ताको लाभग्राहीको रुपमा अभिलेख राखे राख्न लगाएको, नवीकरण नै नभएका व्यक्तिहरुसमेत लाभग्राहीको रुपमा अभिलेख देखाई देखाउन लगाई उक्त अभिलेखहरुको सक्कल कागजातमा लाभग्राहीको दस्तखत/औंठाछाप हुने खण्डमा निज प्रेम बहादुर बुढाले आफ्नो दाहिने हातको बुढी औंलाको औंठाछाप थान २८० र आफ्नो दाहिने हातको माझी औंलाको औंठाछाप थान १९९ गरी जम्मा ४७९ थान औंठाछाप लगाएको, कार्यालय सहयोगी सोनम कठरियाले आफ्नो दायाँ हातको बुढी औंलाको औंठाछाप जम्मा २०४ थान लगाएको तथ्य राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनसमेतबाट पुष्टि भएको देखिन्छ। सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न नै नआएका लाभग्राहीहरु भनिएका व्यक्तिहरुको नवीकरण भएको झुट्टा कागजात तयार गरी गराई बजेट प्राप्त गरी गराई बैंक खातामा रकम निकासासमेत गरे गराएको देखिन्छ। त्यसैगरी, झुट्टा तथा नक्कली दस्तखत/औंठाछाप लगाईएको उक्त सामाजिक सुरक्षा भत्ता वितरणको सक्कल भरपाई कागजमा उक्त वडाका वडा अध्यक्ष खकेन्द्र भण्डारीले प्रमाणित गरेको, सामाजिक सुरक्षा भत्ता वितरण गरेको भनी प्रमाणित भएको मुचुल्कासमेत तयार गरी गराई उक्त मुचुल्कामा वडा अध्यक्ष खकेन्द्र भन्डारी, वडासचिब प्रेम बहादुर बुढा, वडा सदस्यहरु कल्पना खड्का, सुनकोसा सार्की, बिजय बहादुर रावल, शेर बहादुर बिश्वकर्मा, खरिदार पूर्ण वहादुर विष्ट, कार्यालय सहयोगी सोनम कठरियासमेतले हस्ताक्षर गरे गराई गलत प्रतिवेदनसमेत तयार गरे गराएको तथ्य मिशिल संलग्न उक्त मुचुल्का समेतवाट स्थापित भएको देखिन्छ।त्यसैगरी प्रतिवादी पूर्ण बहादुर विष्टले अर्का प्रतिवादी प्रेम बहादुर बुढासँगको मिलेमतोमा ३ जना लाभग्राहीको रकम सक्कल अभिलेखमा लाभग्राहीको दस्तखत/औंठाछाप हुने खण्डमा निज प्रेम बहादुर बुढाको औंठाछाप लगाई रकम दिई सरकारी सार्वजनिक सम्पत्तिको हिनामिना हानिनोक्सानी एवं मसौट समेत गरे गराएको तथ्य पुष्टि भएको देखिदा यि प्रतिवादीहरुले सामाजिक सुरक्षा भत्ता शिर्षकको सरकारी रकम रू.७३,३७,६२७।–(अक्षरेपि त्रिहत्तर लाख सैतीस हजार छ सय सत्ताईस) बदनियतपुर्ण तवरले हिनामिना गरे गराएको तथ्य पुष्टि भई रहेको देखिदा देखिदै उक्त प्रमाणको न्यायिक विवेचना नगरि नोक्सानी भएको बिगो रू.७३,३७,६२७।–(अक्षरेपि त्रिहत्तर लाख सैतीस |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सोही ऐनको (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को (घ) वमोजिम कैद र दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी दफा १७ बमोजिम बिगो रकम असुल उपर हुन र प्रतिवादी सोनम कठरियालाई सरकारी कागजात सच्याएको कसूरमा सोही ऐनको दफा ११ बमोजिम सजाय हुन साथै प्रतिवादी सोनम कठरियालाई गलत प्रतिवेदन दिएको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेतको मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>• **जानकी गाउँपालिका वडा नं. ९ का तत्कालीन खरिदार पूर्ण बहादुर विष्टको हकमाः-** प्रतिवादी पूर्ण बहादुर विष्टलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सरकारी सम्पत्तिको हिनामिना हानिनोक्सानी गरेको कसूरमा विगो रू.२४,०००।-(अक्षरेपि चौविस हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे वमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को (क) वमोजिम कैद र दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिमको जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम उल्लिखित बिगो रकम असुल उपर हुन र निज प्रतिवादी पूर्ण बहादुर विष्टलाई गलत प्रतिवेदन दिएको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेतको मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>• **जानकी गाउँपालिका वडा नं. ९ का वडा सदस्य कल्पना खड्का, सुनकोसा सार्की, विजय बहादुर रावल र शेर बहादुर विश्वकर्मा समेतको हकमाः-** प्रतिवादीहरु कल्पना खड्का, सुनकोसा सार्की, विजय बहादुर रावल र शेर बहादुर विश्वकर्मा समेतले गलत प्रतिवेदन दिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम | | हजार छ सय सत्ताईस) मध्ये रु.१३,२८९८०।– मृत्यु भएका व्यक्तिको नाममा खुलेको खातामा रहेको देखिएको र रु.१३,६३,९२६।- नविकरण नभएका लाभग्राहीको खातामा रहेको भन्ने तर्क गरि जम्मा रु. २६,९२,९०६।– बैंक खातामा मै रहेको भन्ने आधारमा प्रतिवादीले बदनियतपुर्ण तवरले गलत विवरण उल्लेख गरि उक्त रकम गाँउपालिकाको खातावाट उक्त कृतिम व्यक्तिहरुको खातामा गईसकि नोक्सानी भई सकेको तथ्य स्थापित हुदाँ हुदै प्रतिवादी प्रेम बहादुर बुढालाई कम सजाय गर्ने उदेश्यले उक्त रु२६,९२,९०६।- घटाई वाँकी हुन आउने रु.४६,४४,७२१।–लाई मात्र विगो कायम गरि निज प्रतिवादी प्रेम बहादुर बुढालाई कम सजाय हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण हुदाँ बदर भागी छ।<br>• प्रस्तुत मुद्दामा सामाजिक सुरक्षा भत्ता वितरणका क्रममा विभिन्न लाभग्राहीहरुको नाममा तयार पारिएको भरपाईमा वडा कार्यालयका कर्मचारीहरुमध्ये वडा सचिव प्रेम बहादुर बुढाले २८० वटा भरपाईमा आफ्नै दायाँ हातको बुढी औंलाको र १९९ वटा भरपाईमा आफ्नै दायाँ हातको माझी औंलाको ल्याप्चे सहिछाप गरेको र २०४ वटा भरपाईमा वडाका कार्यालय सहयोगी सोनम कठरियाले दायाँ हातको बुढी औंलाको ल्याप्चे सहिछाप गरेको तथ्य मिशिल संलग्न राष्ट्रिय विधीविज्ञान प्रयोगशालाको परिक्षण प्रतिवेदनवाट पुष्टि भएको देखिन्छ। उल्लिखित भत्ता वितरण सम्बन्धी भरपाई वडाध्यक्ष प्रतिवादी खकेन्द्र भण्डारीले प्रमाणित गरेको देखिन्छ। सोही जानकी गाउँपालिका वडा नं. ९ का तत्कालीन खरिदार प्रतिवादी पूर्ण बहादुर बिष्टले वास्तविक लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वापतको रकम नदिई सक्कल अभिलेखमा प्रतिवादी प्रेम बहादुर बुढाको औंठाछाप लगाई रु.२४,०००।—बुझिलिएको तथ्य मिशिल संलग्न सामाजिक सुरक्षा भत्ताको रकम बुझेको भरपाई तथा सोमा प्रयोग भएका थान ३ नक्कली औंठाछाप रहेको प्रयोगशालाको परिक्षण प्रतिवेदन समेतवाट पुष्टि भएको देखिन्छ। सोही वडा नं ९ को सदस्यको पदमा रहेका अन्य प्रतिवादीहरु कल्पना खड्का, सुनकोसा सार्की, विजयबहादुर रावल र शेरबहादुर विश्वकर्माले उक्त सामाजिक सुरक्षा भत्ता वितरण गरिए भनि स्थलगत मुचुल्का तयार गरि सहिछाप गरेको देखिन्छ। राष्ट्रिय विधीविज्ञान प्रयोगशालाका हतास्क्षर परीक्षण गर्ने विशेषज्ञ रोशन गिरीले बकपत्र गर्दा नमूना ल्याप्चेहरु मैले वैज्ञानिक परीक्षण गरेको हो। परीक्षण गर्दा विशेषज्ञको राय खण्डमा उल्लेख गरिएका विवादित र नमूना ल्याप्चेहरु एक आपसमा मिल्दछन् भन्ने समेत बेहोरा उल्लेख गरेको देखिदा उक्त बकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम स्विकार योग्य प्रमाणको रुपमा ग्रहण गरि २०४ वटा भरपाईमा दायाँ हातको बुढी औंलाको ल्याप्चे सहिछाप गर्ने उक्त वडा कार्यालयका कार्यालय सहयोगी सोनम कठरियालाइ समेत आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा मिशिल संलग्न उपरोक्त तथ्य एवं प्रमाण कागजातहरुको विश्लेषण नगरि आपाराधिक कार्यको श्रृखंलामा भिन्न भिन्न दायित्वको आधारमा भिन्न भिन्न भुमिकामा संलग्न रही सरकारी सार्वजनिक रुपैया हिनामिना हानी नोक्सानी गर्ने कार्यमा संलग्न यि प्रतिवादीहरुलाई मुलुकी अपराध संहिता २०७४ को दफा ३१ उल्लेखित समुहबाट भएको कसूरमा सवै सदस्यलाई समान सजाय हुने फौजदारी न्यायको सिद्धान्त बमोजिम यि प्रतिवादीहरु खकेन्द्र भण्डारी, पूर्णबहादुर बिष्ट, सोनम कठरिया,कल्पना खड्का, सुनकोशा सार्की, विजयबहादुर रावल र शेरबहादुर विश्वकर्मालाइ निजहरुको भुमिकाको आधारमा आरोपदाबी बमोजिम सजाय गर्नु पर्नेमा उपरोक्त तथ्य एवं मिशिल संलग्न प्रमाणहरुलाई नजरअन्दाज गरि प्रतिवादीहरुलाई सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>• प्रतिवादीहरु कल्पना खड्का, सुनकोसा सार्की, विजय बहादुर रावल, शेर बहादुर विश्वकर्मा समेतले अन्य प्रतिवादीहरुसँगको मिलेमतोमा बदनियत राखी सामाजिक सुरक्षा भत्ता वितरण नै नगरी नगराई वितरण गरेको देखाई लाभग्राहीको दस्तखत औंठाछाप हुने खण्डमा प्रतिवादीहरु प्रेम बहादुर बुढा र सोनम कठरियाले औंठाछाप लगाई निजहरु आँफैले सामाजिक सुरक्षा भत्ता हिनामिना गरेकोमा उक्त सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिने मुचुल्का/प्रतिवेदन तयार गरी गराई उक्त मुचुल्कामा निज प्रतिवादीहरु कल्पना खड्का, सुनकोसा सार्की, विजय बहादुर रावल, शेर बहादुर विश्वकर्मासमेतले हस्ताक्षर गरी गलत प्रतिवेदन दिए |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सजाय हुन समेतको मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>**<u>फैसला</u>**<br>• प्रतिवादी प्रेम बहादुर बुढालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम उक्त ऐनको दफा ३ को उपदफा (१) बमोजिम विगो रु.४६,४४,७२१।– कायम गरि सोही दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम ४ (चार) वर्ष कैद सजाय हुने र सोही ऐनको दफा १७ बमोजिम उक्त विगो रु.४६,४४,७२१।– निज प्रतिवादीबाट असूल उपर गरी जानकी गाउँपालिकाको वडा नं. ९ को कार्यालयको कोषमा दाखिला गर्ने ठहर्छ।निज प्रतिवादी प्रेम बहादुर बुढाउपरको आरोप दावी बमोजिमको दफा ११ र दफा १९ अनुसारको कसूरको दावी पुग्न नसक्ने।<br>• प्रतिवादीहरु खकेन्द्र भण्डारी, पूर्णबहादुर बिष्ट, सोनम कठरिया,कल्पना खड्का, सुनकोशा सार्की, विजयबहादुर रावल र शेरबहादुर विश्वकर्माले आरोपदाबीबाट सफाई पाउने ठहर गरि फैसला भएको देखिन्छ। | | दिन लगाएको तथ्य पुष्टि भएको देखिदा देखिदै यसरी गलत प्रतिवेदन दिने दिन लगाउने कार्यमा संलग्न यि प्रतिवादीहरुलाई आरोप दावि बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम सजाय गर्नु पर्नेमा उक्त मुचुल्का समेतका प्रमाणहरुको सुक्ष्म विवेचना नगरि निज प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपूर्ण देखिदा बदरभागी छ।<br>• अतः उल्लिखित प्रमाण कागजातहरुको आधारमा प्रतिवादीहरु खकेन्द्र भण्डारी, पुर्ण बहादुर बिष्ट, सोनम कठरिया, कल्पना खड्का, सुनकोसा सार्कि, बिजय बहादुर रावल र शेर बहादुर विश्वकर्मा समेतलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा प्रतिवादी मध्येका प्रेम बहादुर बुढाको हकमा कम विगो कायम गरि आरोप दावी भन्दा कम सजाय गर्ने र अन्य प्रतिवादीहरु खकेन्द्र भण्डारी, पुर्ण बहादुर बिष्ट, सोनम कठरिया, कल्पना खड्का, सुनकोसा सार्कि, बिजय बहादुर रावल र शेर बहादुर विश्वकर्मा समेतलाई आरोप दाविवाट सफाई हुने ठहर गरि विशेष अदालतवाट भएको फैसला सो हद सम्म बदर गरि निज प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गरि पाउन सम्मानित अदालत समक्ष अनुरोध छ। |